# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सुदूरपश्चिमम प्रदेश, नेपाल

प.स. : ०७८/०७९

**चमेनागृह सञ्चालन सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना ॥**

प्रथम पटक प्रकाशित मिति २०७८।१२।०७

यस धनगढी उप-महानगरपालिका कार्यालयको हाता भित्र ३ बर्ष सम्मको लागि चमेनागृह सञ्चालन गर्नु पर्ने भएकोले चमेनागृह सञ्चालन गर्न ईच्छुक व्यक्ति, फर्म वा संघ संस्थाले देहाय बमोजिमको शर्तहरूको अधिनमा रही १५ दिन भित्र सिलबन्दी प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएकोछ।

<u>शर्तहरु</u>

१. न्यूनतम ठेक्का अंक प्रति महिना रू. ५,०००/(अक्षरुपी पाच हजार मात्र) कायम गरिएकोछ।
२. चमेनागृह सञ्चालन अवधि तीन बर्षको कायम हुनेछ र एक बर्ष पछि राजश्व परामर्श समितिले साबिक भाडा दरमा पुनरावलोकन गर्न आवश्यक ठानेमा सोही निर्णय अनुसार भाडा दर हुनेछ।
३. चमेनागृह सञ्चालन गर्ने स्थान तथा भवन कार्यालयले उपलब्ध गराउने छ। चमेनागृह सञ्चालनका लागि आवश्यक अन्य सम्पूर्ण सामाग्रीको व्यवस्था सञ्चालक स्वयंले गर्नु गर्नेछ।
४. कार्यालयले तोकी दिएको समयमा मात्र चमेनागृह सञ्चालन गर्न पाईनेछ।
५. चमेनागृहमा अबैध मालसमान, मद्यपान र धूमपानका साधनहरू राख्न र बिक्री वितरण गर्न पाईनेछैन ।
६. चमेनागृहमा विद्युत आपूर्तीको लागि दोश्रो पक्षको नाममा विद्युत मिटर प्रथम पक्षले जडान गर्नेछ। उक्त मिटरमा उठेको सम्पूर्ण रकम दोश्रो पक्षले नियमित रूपमा तिर्नु पर्नेछ।
७. चमेनागृह सञ्चालकले प्रथम पक्षको पूर्व स्वीकृती बिना अन्य व्यक्ती वा संस्थालाई चमेनागृह हस्तान्तरण गर्न पाइने छैन।
८. सिलबन्दी प्रस्ताव रू.१,००० (अक्षरुपी एक हजार मात्र) तिरी यस कार्यालयको राजस्व शाखाबाट खरिद गर्न सकिनेछ।
९. सिलबन्दी प्रस्ताव प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा दाखिला गरी सक्नु पर्नेछ। दाखिल हुन आएका प्रस्ताव सोको भोलीपल्ट १२.०० बजे यस कार्यालयमा खोलीनेछ।
१०. तोकिएको दर रेटमा सबै भन्दा बढी भाडा रकम सकार गर्ने प्रस्ताव दाताको प्रस्ताव स्वीकृत गरिनेछ। कुनै पनि प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहीत रहनेछ।
११. प्रस्ताव पेश गर्ने व्याक्ति, फर्म, संस्थाले प्रस्ताव स्वीकृत भए पछि सम्झौता गर्नुपूर्व यस कार्यालयमा व्यवसाय दर्ता गर्नको साथै आन्तरिक राजस्व कार्यालयमा समेत दर्ता गरी प्रमाण पेश गर्नु पर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत
..............................
(रामलाल श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत

कार्यालय : ०९१-५२४२९ प.प्र. अधिकृत : ५२०४२९ दमकल : १०१ रा.शा. : ५२१३२९